अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : १९  मिति : २०८१।०६।०८

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

अन्नपूर्ण गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

अन्नपूर्ण गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०६।०६**

**प्रस्तावना :**

अन्नपूर्ण गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन, यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरबन्दीको अधिनमा रहि प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा कार्यलाई व्यवस्थित गर्न अन्नपूर्ण गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा केही बुदाहरु थप र संशोधन गर्न वाञ्छनिय भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८१।०६।०६ गते बसेको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम "अन्नपूर्ण गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन), २०८१ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **मुल कार्यविधिको दफा ४ को उपदफा (३) क. मा संशोधन** : दफा ४ को उपदफा (३) क.मा रहेको 'शैक्षिक योग्यता वापत ६० अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्वितीय श्रेणी वापत ६०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाको आधारमा)' **को सट्टामा** 'शैक्षिक योग्यत वापत १७ अंक कायम गरी तपसिल बमोजिम कायम गर्ने ।'

| सि.न. | श्रेणी | प्रतिशत | अंक |
|---|---|---|---|
| १ | विशिष्ट श्रेणी | श्रेणी ८० % वा सो भन्दा माथी, ३.७ GPA वा सो भन्दा माथी | १७ |
| २ | प्रथम श्रेणी | ६० %- ७९ % सम्म, ३.० GPA- ३.६९ GPA सम्म | १५ |
| ३ | द्वितिय श्रेणी | ४५ %-५९ % सम्म, २.७ GPA-२.९९ GPA सम्म | १३ |
| ४ | तृतीय श्रेणी | ४५ % भन्दा तल, २.७ G fa भन्दा कम | ११ |

३. **मुल कार्यविधिको दफा ४ को उपदफा (३) ख.मा संशोधन** : दफा ४ को उपदफा (३) ख.मा रहेको 'कार्य अनुभव वापत १० अंक (प्रति बर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।' **को सट्टामा** 'कार्य अनुभव वापत ३ अंककार दरले सम्बन्धित सेवा समुहको न्यूनतम शैक्षिक उपाधि गरेपश्चातको अनुभवमात्र मान्य हुनेछ ।(प्रमाणित वितरण संलग्न भएको हुनुपर्ने)' भन्ने वाक्यांश कायम गर्ने।

४. **मुल कार्यविधिको दफा ४ को उपदफा (३) ग.मा मा संशोधन** : दफा ४ को उपदफा (३) ग.मा '३. सम्बन्धित प्रदेशको वासिन्दा भएकोमा ३ अंक र ४. अन्य प्रदेशको वासिन्दा भएका १ अंक' **थप गर्ने ।**

५. **मुल कार्यविधिको दफा ४ को उपदफा (३) ग पछि ' ग१. लिखित परीक्षा थप गर्ने** : ग१. लिखित परीक्षा :गण्डकी प्रदेश लोकसेवा आयोगले सम्बन्धित सेवा समुहका लागि निर्धारण गरेको लिखित परीक्षाको पाठ्यक्रम बमोजिम लिखित परीक्षा गर्ने सक्नेछ । ' थप गर्ने ।

६. **मुल कार्यविधिको दफा ६ को उपदफा (१) मा संशोधन** : दफा ६ को उपदफा (१) मा रहेको ' दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारहरु दफा (५) बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेद्वारहरुको रोल नम्बर, नामथर, ठेगाना, काम गर्ने तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सुचिकरण वितरण प्रकाशन गर्नेछ ।' भन्ने सट्टामा 'दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारहरु दफा (५) बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेद्वारहरुको रोल नम्बर,

नामथर, ठेगाना, काम गर्ने तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार संक्षिप्त सुचिकरण विवरण प्रकाशन गर्नेछ ।' भन्ने वाक्यांश कायम गर्ने ।

७. **मुल कार्यविधिको दफा ६ को उपदफा (३) मा संशोधन :** दफा ६ को उपदफा (३) मा रहेको 'उपदफा १ बमोजिमका योग्यताक्रममा रहेका उम्मेद्वारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ।' भन्ने सट्टामा 'संक्षिप्त सुचिबाट प्राप्त अंक लिखित र अन्तर्वार्ता समेत अंकलाई आधार मानी अन्तिम नतिजाको योग्यताक्रम प्रकाशन गरि योग्यताक्रममा रहेका उम्मेद्वारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।' भन्ने वाक्यांश कायम गर्ने ।

राजपत्रमा प्रकाशित मिति : २०८१।०६।०६

आज्ञाले,
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत